**निर्णय नं. ८**

नगरपालिका बिभिन्न बैठक, सर्वदलोय बैठक र अन्य बिविध बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई बैठक भत्ता रु.५००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

२०७० श्रावण १ गते देखि २०७० मंसीर मसान्तसम्म भएको आय, व्यय अनुमोदन गर्दै नगरपालिकाको बोर्ड बैठकबाट भएका निर्णयहरु यस नगरपरिषदको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई मंहगी भत्ता वापत मासिक शुरु तलव स्केलको १५ प्रतिशतले हुने रकम र अन्य सुविधा निम्नानुसार उपलब्ध गराउने निर्णय गरियो ।

(क) तोकिएका वडा सचिवहरुलाई वडा सचिवको अतिरित्त जिम्मेवारी वहन गरे वापत प्रोत्साहन स्वरुप विगतमा दिईदै आएको रु.२०००/- (दुई हजार) आगामि आ.व. मा समेत उपलब्ध गराउने निणय गरियो ।

(ख) यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउने थप आवश्यक सेवा सुविधा नगरपालिकाको बोर्डको निर्णयानुसार उपलब्ध गराउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(ग) नेपाल सरकारवाट कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको मासिक रु.१०००/- भत्ता कायमै गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को अनुसूचि ८१ ले स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुले जिल्ला बाहिर भ्रमण गर्दा पाउने दैनिक भ्रमण भत्ताको दर तोकी जिल्ला भित्र भ्रमण गर्दाको हकमा उक्त रकमको ३/४ मा नबढने गरी परिषदले स्वीकृत गरेको दरमा उपलब्ध गराउने भन्ने व्यवस्था गरको हुँदा यस नगरपालिकाले पनि जिल्ला भित्र दैनिक भ्रमण भत्ता पाउने गरी भ्रमणमा जाने पदाधिकारी तथा कर्मचारीहरुलाई तोकिएको दरको ३/४ ले हुने रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकामा पेश भएको संगठन बिकास प्रतिवेदन लागु गर्न गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो साथै सो बमोजिमको कर्मचारो दरवन्दी (अनुसुची १) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

अनुसूची २ बमोजिमको दमक नगरपालिका कार्यालयको संगठन तालिकालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिकालाई परका मुद्दाहरुको लागि कानूनी सल्लाहकार नियुक्ती गर्न र पारिश्रमिक तोक्न अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

महिला स्वास्थ्य स्वयसेविकाहरुलाई राष्ट्रिय खोप कार्यकममा खटिएको दिनको पारोश्रमिक स्वरुप दैनिक रु.५००/- र जनस्वास्थ्यवाट सचालित कार्यकममा खटिएको दिनको पारिश्रमिक वापत थप रु.५०/- दैनिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**

दमक नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारी र शहरी स्वास्थ्य कार्यक्रम अन्तगत कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था भएमा वाहेक २०७१ आषाढ मसान्तसम्मको करार अवधि थप गर्ने निर्णय गरियो ।

ख) समुदाय परिचालक श्री बिष्णु पौडेल
ग) समुदाय परिचालक श्री निर्मला गुराँगाई
घ) समुदाय परिचालक श्री चन्द्रकला निरौला

